नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan

वर्ष १०, अंक १४, २०७५ वैशाख १६-३१, मूल्य : १०० येन

Vol. 10, No. 14, May 1-15, 2018, Price : ¥ 100

पार्टी एकताको लगन अझै जुरेन

❑ नेस डेस्क

काठमाडौं – पाँच दशकदेखि फरक धारको राजनीतिक अभ्यास गर्दै आएका दुई ठूला कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता प्रक्रिया अन्तिम चरणमा पुगेको छ । दुवै दलका अध्यक्षबीच एकताको विषयलाई लिएर निरन्तर छलफल भएका छन् । तर, पनि एकताको मिति टुंगो लाग्न सकेको छैन । नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस तथा लेनिन जयन्तीको दिन ९ वैशाखमा पार्टी एकता गर्ने पूर्वयोजना पूरा हुन नसकेपछि कार्लमार्क्सको जन्मजयन्तीका अवसर पारेर २२ वैशाखमा पार्टी एकता गर्ने गरी दुई दलका नेताहरूले गृहकार्य अघि बढाएका थिए । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै भनाइलाई आधार मान्ने हो भने पनि २२ गते एकता घोषणाको तयारी तीब्र थियो ।

एकताको मिति टुंगो नलागे पनि नेताहरूले एकता भएरै छाड्ने र यसलाई कसैले रोक्न नसक्ने बताउँदै आएका छन् । शनिवार मात्रै कास्कीमा भएको एक कार्यक्रममा प्रचण्डले विहीबार नै पार्टी एकताको विषयमा बिट मारिसकेको बताउँदै अब एकता संयोजन समितिले भाषागत रूपमा लिपिबद्ध मात्र गर्न बाँकी रहेको दावी गर्नुभयो । अध्यक्ष प्रचण्डले सबै विषयमा सहमति भएको दावी गरे पनि सोहि अनुसारको परिणाम भने बाहिर देखिन सकेको छैन । नेताहरू कै व्यवस्थापन नै अहिले एकतामा कुरा नमिल्नु प्रमुख कारण बनेको छ । *पार्टी*

>>> बाँकी पृष्ठ ७ मा

यस्तो हुनुपर्छ, अबको बजेट

❑ नेस डेस्क

टोकियो – स्थापित र परिचित अर्थविद्मध्ये प्रा. डा. चन्द्रमणी अधिकारी एक हुन् । उनले नागरिक लगानी कोष, राष्ट्रिय योजना आयोग लगायतका विभिन्न निकायमा रहेर आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छन् । यसर्थ उनीसँग आर्थिक प्रणाली, स्रोत व्यवस्था र अर्थतन्त्रका विभिन्न पाटोबारे लामो अनुभव छ । मुलुक संघीय संरचनामा प्रवेश गरिसकेपछि सरकारले पहिलो पटक बजेट ल्याउँदैछ । अब आउने बजेटको प्राथमिकता के हुनु पर्ला ? विभिन्न तहका सरकारबीच आर्थिक सम्बन्ध र सहकार्यको सम्भावना के कस्तो छ ? यिनै विषयमा केन्द्रित रहेर वरिष्ठ अर्थविद् अधिकारीसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः–

>>> बाँकी पृष्ठ ७ मा

शिनओकुवोमा दिनदहाडै लुटपाट

❑ नेस संवाददाता

टोकियो – विदेशीहरूको बाहुल्य रहेको टोकियो शिनओकुवोको एक कार्यालयमा हालै दिनदहाडै लुटपाट भएको छ ।

अपरिचित दुई युवा प्रवेश गरी ३ करोड ५० लाख जापानी येन लुटपाट गरी फरार भएका थिए । गत बुधवार अपरान्ह करीव ३ बजेतिर भएको सो लुटपाट गर्नेहरू चीनियाँ नागरिक भएको जापानी सञ्चार माध्यमहरूले जनाएका छन् । त्यसो त लुटिने व्यक्ति पनि चीनिया नागरिक नै भएको बुझिएको छ ।

लुटेराहरूको व्यापक खोजीपछि जापान प्रहरीले गिरफ्तारी गरेको बताईएको छ । नेपालीहरूको पनि उल्लेख्य व्यवसाय रहेको शिनओकुवो क्षेत्रमा सबैले सतर्कता अपनाउनुपर्ने एक व्यवसायीले बताए ।

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

✍ सम्पादकीय

जापानी भाषाको महत्व

भाषा संवादको पहिलो सशक्त माध्यम हो । भाषाका कारण एक अर्काबीच खुलस्त संवाद हुन सकेन भने चाहेजति अभिब्यक्ति आदानप्रदान हुन सक्दैन र बिश्वसनीयता, असल मित्रता एवं बलियो सम्बन्ध पनि कायम हुन सक्दैन । जसका कारण हरेक क्षेत्रका कार्यसम्पादनमा असहजता उत्पन्न हुनु स्वभाविकै हो । रोजगारी, ब्यवसाय वा अध्ययन जुनसुकै उद्देश्यले रहेका ब्यक्तिहरूका लागि पनि जापानमा जापानी भाषा अनिवार्य जस्तै छ । जापानी भाषाज्ञान बिना यहाँको दैनिक जीवनयापन गर्नसमेत कठिनाई छ । उनीहरूको देशमा आएर आफुअनुकुल अंग्रेजी वा अन्य भाषाको अपेक्षा गर्नु हाम्रो मुर्खता हो ।

जापानमा लामो बसाईको योजना बुनेका नेपालीहरू जुनसुकै उमेर समुहको भए पनि बेलैमा जापानी भाषा राम्रो बनाउने बारे सोच्नु उपयुक्त हुन्छ । आफु बसेको ठाउँको विभिन्न निकायबाट आउने महत्वपूर्ण चिठीपत्र र तोकिएको समयमै गर्नुपर्ने त्यसको रेस्पोन्स, जापानीहरूसंग गरिने वार्तालाप, ब्यवसायिक भेटघाट, सेमिनार, टेलिफोन संवाद लगायतका बिषयमा भाषा ज्ञानका अभावका कारण हामी नेपालीहरूले अपेक्षित प्रगति र सफलता हासिल गर्न नसकेको कसैबाट छिपेको छैन । जापानी भाषा अब्बल बनाउन सके सफलताले आफै पछ्याउने अवसरहरू यहाँ प्रशस्तै छन् । पहिलो गासमै ढुंगा भनिएझैं आफ्ना कुरा निर्धक्कसंग राख्न नसकेपछि एक पछि अर्को गर्दै दिनप्रतिदिन यहाँका अवसरहरू गुमाईरहेको हामीले चालै पाएका हुँदैनौ । आफ्नै भाषा प्रयोगले मात्र अहिलेसम्म पुगिसरी आएका जापानीहरू अब भने बिस्तारै अंग्रेजी भाषा तर्फ आकर्षित हुन थालेका छन् । तथापि उनीहरूको देशमा रहेका हामी विदेशीहरूले जापानी भाषाज्ञान बिना अपेक्षित सफलता हासिल गर्न असंभव प्रायः छ ।

भाषा ज्ञानको भण्डार बढाउन जापानी साथीहरू बनाउने, जापानी टेलिभिजन कार्यक्रम नियमित हेर्ने, जापानीहरूद्वारा आयोजित सभा, सेमिनार, पार्टी जस्ता कार्यक्रमहरूमा सहभागी हुने, नजिकका नगरपालिकाद्वारा उपलब्ध गराईएका भाषा कक्षामा भर्ना हुने, रात्रिकालिन भाषा स्कुलहरूमा अध्ययन गर्ने, जापानी भाषा सिक्ने प्रयोजनका लागि प्रकाशित उपयोगी पुस्तकहरू पढ्ने, लाइसेन्स प्राप्त प्राईभेट टिचरहरू बोलाएर आफुले सिक्न चाहेको क्षेत्रको भाषा पढाउन लगाउने गरेमा भाषामा यथोचित सुधार ल्याउन सकिन्छ । जापानमा हरेक ठाउँमा कुनै पनि काम अगाडि बढाउन आफ्नो नाम, ठेगाना, जन्ममिति लगायतका ब्यक्तिगत विवरण आफै लेख्नुपर्ने प्रावधान भएकोले कम्तीमा पनि ब्यक्तिगत विवरण मात्रै भए पनि लेख्न सक्ने हुन सके यहाँको दैनिक जीवन थप सहज बन्न सक्दछ ।

भाषामा आत्मबल नहुँदा समयमै अस्पताल जान नसकी रोग पालेर बस्नुपरेको, आफुलाई उपयुक्त लागेको रोजगारीमा प्रतिस्पर्धा गर्न नसकेको वा हात धुनुपरेको, आफुलाई मनमा लागेका कुराहरू आफै ब्यक्त गर्न नसक्दा सँधै परनिर्भर हुनुपरेको जस्ता समस्याबाट ग्रसित नेपालीहरूको जमात जापानमा ठूलै पाईन्छ । गन्तब्य मुलुकका रूपमा जापानलाई रोजीसकेपछि यहाँको भाषालाई उपेक्षा गर्न पटक्कै मिल्दैन । जापानी भाषालाई उच्च प्राथमिकतामा राखेर जति जानिएको छ त्यो भन्दा राम्रो बनाउन जे जसरी संभव छ सिक्ने र अध्ययन गर्ने बानी बसाल्नुपर्दछ । सिक्ने कुरामा लाज मान्नु हुँदैन । जापानीहरूसंग निर्धक्क बोल्ने कन्फिडेन्स बढाउन नियमित अभ्यास र मिहिनेतलाई जारी राख्नुपर्दछ ।

अध्ययन गरेर सिकेको भाषा र अभ्यासले सिकेको भाषा जापानीहरू सजिलै छुट्याउन सक्दछन् । एकछिनको वार्तालापमै हामीले बोल्ने भाषाबाट उनीहरूले हाम्रो औकात लगायत धेरैथोक चाल पाईसकेका हुन्छन् । यसर्थ पनि जापानमा जापानी भाषा राम्रो हुनु जरूरी छ । काम चलेकै छ भनेर अन्यत्र दिने बचत समयलाई भाषाज्ञान बढाउन अवलम्बन गर्नुपर्ने उपायहरू बारे जापानमै उच्चशिक्षा हासिल गरेका विद्वतहरूसंग परामर्श लिन सकिन्छ । सिक्ने कुरामा कहिलै ढिलो हुँदैन । ढिलो त त्यतिबेला हुन्छ जतिबेला भाषाका कारण पाईलैपिच्छे समस्या झेल्नुपर्ने हुन्छ । यसकारण जापानी भाषा जापानका लागि पहिलो सर्त हो भन्दा अतिशयोक्ति नहोला ।

जापानमा नेपाली समुदाय



विचार

✍ खगराज गौतम

बागलुङ्को गलकोट नगरपालिकाको चरौंदीका १६ वर्षिय निराजन बस्नेत बिरामी भएपछि उपचारका लागि परिवारले अस्पताल पुऱ्याए, तर उनीहरूले सोच्दै नसोचेको जानकारी अस्पतालले दियो, जुन कुरा बस्नेत मुटुरोगका बिरामी रहेको र उनको उपचारका लागि ठूलो रकम जुटाउनुपर्ने भयो । सामान्य परिवारका बस्नेत परिवारलाई ठूलै समस्या आईलाग्यो । यताउता हारगुहार गर्दा विदेशमा रहेका नेपालीहरूले सामाजिक

सञ्जालको प्रयोग गरी उपचारका लागि रकम जुट्यो र अहिले उनी उपचाररत रहेका छन् । जापानमा रहेका हर्क बुढाथोकी हृदयघातका कारण मृत्यु भयो, उनको परिवारमा ठूलै पीडा थपियो । परिवारको मेरूदण्ड नै भाँचिएपछि के गर्ने कसो गर्ने भनेर छटपटाइरहेको परिवारलाई जापानमा रहेका सहयोगी मन भएका नेपालीहरूले केही राहत रकम जुटाएर चहराइरहेको घाउमा मलमपट्टी लगाउने काम गरे ।

अर्घाखाँचीका अमर बञ्जाडे क्यान्सर पीडित भएर थला परेका बेला अर्घाखाँची समाज जापानले उनको उपचारका लागि अभियान नै सञ्चालन गरी रकमको जोहो गऱ्यो र उनको उपचारका लागि सहयोगी बन्यो र उनको पनि हाल उपचार भईरहेको छ । कलाकार सागर विरही मृत्युको शैयामा छटपटाइरहेको बेलामा जापानमा रहेका कलाकारहरूले सागर बचाउ अभियान नै सञ्चालन गरी रकम जम्मा पारेर पठाएपनि उनलाई बचाउन सकिएन ।

यी त केही उदाहरण मात्र हुन् । जापानमा कोही नेपाली बिरामी पर्दा होस् कि मृत्यु हुँदा होस्, वा अप्ठ्यारोमा पर्दाहोस् परदेशी सहयोगी मनहरूले केही न केही कसै न कसै गरी सहयोगका लागि जुटेकै हुन्छन् । व्यक्तिगत रूपमा होस् कि संस्थागतरूपमा सहयोगका लागि आफूलाई समाहित गरेकै भेटिन्छ जापानमा । कहिले धुर्मुस सुन्तलीका लागि त कहिले विपन्न वर्गका विद्यार्थीका लागि कोष स्थापना त कहिले भूकम्प तथा बाढी पीडित वा अग्नी पीडितका लागि भनेर सुन्दर र पवित्र उदेश्यका साथ कार्यक्रम गर्ने र चलचित्र देखाउनेको जापानमा भिड नै लाग्ने गरेको छ ।

जापानमा भएको अवस्थामा होस् कि जापानबाहिर, दुख पऱ्यो भने मलमपट्टी लगाउने योजना बनाईहाल्छन जापानबासी नेपालीहरू । यही भएर नै होला कहिले बृहत स्वास्थ्य शिविर गाउँगाउँमा त कहिले मधेशमा बाढीले डुबानमा परेकालाई लत्ता कपडा औषधि र खाद्यान्नसहित पुग्छन संस्थाका मान्छेहरू ।

बालबालिका र अशक्तहरूलाई समस्या छ भन्ने देखेर सांगीतिक कार्यक्रमको आयोजना गरी पैसा जुटाउन आफ्नो दैनिक कामलाई खासै प्राथमिकतामा राख्दैनन् । यससँग भावनात्मक साइनो राख्नेहरू, त्यसैले त कलाकारहरूको जोहो गरेर रातदिन नभनि जापानका विभिन्न सहरमा पुगेर आफ्ना धारणा राखेर पैसा संकलन गर्दछन् ।

परदेशमा भएपनि घरदेशमा हुने हरेक क्रियाकलापसँग नियमित जोडिन मन लाग्छ अनि त्यहाँ हुने सुखदुखसँग मन साटासाट गर्न मन लाग्छ र त जापानमा रहनुभएका नेपालीले जो कसैले सहयोग माग्दा नाई भन्न सक्दैनन् ।

आफ्नो समाज, क्षेत्र, पीडित र समस्यामा परेकाहरूलाई सहयोग गर्ने उद्देश्य राखेर जापानमा विभिन्न नामका समाजहरूको निकै ठूलो भिडभाड नै रहेको छ । क्षेत्र, जिल्ला, गाउँ, टोल, पेशागत, राजनैतिक आस्थाका आधारमा खोलिएका संघ संस्थाहरू जापानमा क्रियाशील छन् ।

सबै संस्थाहरूको मुख्य लक्ष्य र उद्देश्य सहयोग प्रदान गर्ने नै रहेको छ । परदेशमा केही कमाई गर्न आएकाहरूले कसैलाई केही राहत मिल्छ भने आफ्नो गास काटेरै भएपनि केही न केही मद्दत गर्नका लागि नेपालीहरू अग्रसर भएकै देखिन्छ ।

परदेशमा हुँदा कहिले कसलाई के पर्छ भन्न सकिदैन त्यसैले त परीआएको अवस्थामा सहयोग आदानप्रदानका लागि विभिन्न संघ संस्थाका गठन भई क्रियाशिल रहेका छन् । कोहि क्षणिक मात्रामा कार्यक्रम सञ्चालन गरेर उद्देश्य ठूला ठूला राख्ने, आफ्नो पहुँच र प्रभाव देखाउनकै लागि कार्यक्रमको आयोजना गर्ने र रमाइलोका लागि मात्र गर्ने गरेको पनि नदेखिएको होइन । कतिपयले संघसंस्थाले उद्देश्य अनुरूप कार्य गरेको पनि देखिन्छ ।

करिव ८० हजार नेपाली रहेको जापानमा करिव सयभन्दा बढि नै संघसंस्था रहेको अनुमान गरिन्छ । स्थापना गरिएका संघ संस्थाहरूले दुःख र अप्ठ्यारो परेको बेला

आडभरोसाका लागि सर्वसाधारण आवद्धता हुने गरेको पाइन्छ भने कतिपय आफ्नो रवाफ देखाउन कै लागि आवद्धता हुने गरेका छन् ।

संघ संस्थामार्फत भ्रात्तृत्व र आफ्नोपनको भावना जागृत गराई जमघट हुने चौतारीका रूपमा लिनका लागि स्थापना गरिनु सह्रानीय कामको रूपमा लिन सकिन्छ । परदेशमा हुँदा एक्लो महशुस नभई विभिन्न अवसर हरूको खोजीका लागि संघ संस्थाले राम्रो भूमिका खेलिरहेको पनि देखिन्छ ।

संघ संस्थामा के छन् त समस्या ?

आफ्नो जीवनस्तरलाई केही न केही सुधार गर्नका लागि रोजगारीको सिलसिलामा जो कोही नेपाली वैदेशिक यात्राको थालनी गरेका हुन्छन् । विदेशमा रहँदाको अवस्थामा सामाजिक भावनालाई जगाईराख्न र एक्लोपनको महशुस हुन नदिनका लागि संगठित हुने र गर्ने गरेको पाईन्छ । यसै कुरालाई मध्यनजर गरी जापानमा रहेका नेपालीहरू पनि आफ्नो क्षेत्र, समुदाय तथा राजनीति आस्थाका आधारमा आवद्धता हुने गरेको पाईन्छ । जापानमा रहेका केही संस्थाहरूले आफ्नो उद्देश्य बमोजिमका कार्य र गतिविधि सञ्चालन गरेका छन् भने अधिकांश संस्थाहरूले क्षणिक कार्यका लागि गठन गरी आफ्नो रवाफ र रमाइलो कै लागि गर्ने गरेको पनि पाईन्छ । संघ संस्थाहरूमा पारदर्शिताको मुख्य समस्या रहेको व्यापक जनगुनासो पाईन्छ । त्यति मात्र होइन, संस्थाको उद्देश्य र कार्यनीति एकातिर रहेको हुन्छ कार्यक्रम र लगानी अर्कोतर्फ । यो जापानमा र विदेशमा गठित संस्थामा जन्मिएको मुख्य समस्या हुन आएको छ । संस्थामा व्यक्तिवादी प्रवृत्ति निकै हावी भएको पाईन्छ । संस्था सञ्चालनका लागि आवश्यक पर्ने न्यूनतम शर्तको रूपमा रहेको विधान, कार्ययोजना, रणनीति, आवश्यक निर्देशिका त परैको कुरा हुन पुगेको देखिन्छ । दुई चार जना जम्मा भएपछि प्रतिस्पर्धा कै लागि संस्थाको गठन हुनुले समस्याकै रूप लिन थालेका छन् ।

सहयोग रकम जम्मा भएपछि पनि संस्थाका २, ४ जना अगुवाहरूले आफ्नो नीजि सम्पत्ति दिए जसरी सहयोग दिईनु अर्को चुनौतीको विषय बन्न पुगेको छ । सहयोग रकम जे उद्देश्यका लागि भनेर जम्मा गरेको हो त्यो भन्दा बढि खर्च तडक भडकमा गरिनु, व्यवस्थापकीय पक्षका लागि भनेर प्रतिस्पर्धात्मक शैली मै ठूलो रकम खर्चिनु, चरम राजनीतिकरणका कारण पीडित पक्षसम्म सहयोग नपुग्नु, कोष परिचालनका लागि स्पष्ट नीति नअपनाइनु संघसंस्थाहरूमा देखिएका आजका चुनौती हुन् । जापानमा पछिल्लो समयमा विभिन्न कार्यक्रमका लागि सेलिब्रेटीहरूको भिषामा निकै कडाई गर्नुका पछाडि हामी नेपालीहरूले यहाँ प्रदर्शन गर्ने व्यवहार पनि मुख्य कारण हुन पुगेको छ । नेपालीहरूका लागि झैंझगडा सामान्य हुन पुगेको छ । कार्यक्रम स्थलमा पालना गरिनुपर्ने नियम पालना नगरिनु पनि सहायक कारणका रूपमा लिन सकिन्छ । यसको असर र प्रभाव भनेको सहयोग रकम जुटाउनका लागि गरिने कार्यक्रममा कमी आउनु हो, जसको प्रत्यक्ष मार वास्तविक पीडितहरूका लागि पर्न जाने देखिन्छ ।

अब के गर्नुपर्ला ?

पवित्र उद्देश्यले स्थापना गरिएका संघ संस्थालाई उद्देश्य बमोजिमका क्रियाकलाप सञ्चालन गरी क्रियाशिल बनाउनु नै राम्रो हो । यसमा निष्क्रियता आउन नदिनका लागि नेतृत्व तहमा रहनेहरू अलि बढि जिम्मेवार र जवाफदेही हुनैपर्छ । नीति नियमको तर्जुमा गरी सोही अनुसार अगाडि बढ्न सक्नुपर्छ । संस्थामा मपाईत्वको भावनालाई पूर्णरूपमा निस्तेज पारिनुपर्छ । हरेक समाजका कोष परिचालनका निर्देशिका तयार पारी सोही बमोजिम परिचालित हुन सके उपयुक्त देखिन्छ । नेपाल सरकार तथा जापान सरकारका नीति नियमलाई अक्षरशः पालना गरिनु सबैको दायित्व हुन आउँछ ।

अभिभावकको रूपमा रहेको नेपाली राजदूतावासले आफ्नो कार्यक्षेत्रमा स्थापना भई सञ्चालनमा आएका संघसंस्था के कसरी सञ्चालित छन् कानुन बमाजिम रहेका छन् कि छैनन् कोषको परिचालान र संस्थाका गतिविधि नियमसंगत छन् कि छैनन्, ती संस्थाहरूले राष्ट्रको स्वाभिमानलाई कत्तिको टेवा दिन सकेका छन् कि खलल पुऱ्याइरहेका छन् भन्ने बारेमा अनुगमन गर्नुपर्ने देखिन्छ । यसैगरी गैर आवासीय नेपाली संघले छाता संस्थाको रूपमा आफूलाई उभ्याउन जरूरी छ । कसैलाई काखा र कसैलाई पाखा गरिनाले नै जापानमा यति धेरै संस्था स्थापना हुन पुगेको कुरा कसैबाट छिपेको छैन । यस कुरालाई ध्यानमा राखी समानताका आधारमा सबैलाई व्यवहार गरिनुपर्ने देखिन्छ । धेरै संघ संस्थाका कार्यक्रम एकै प्रकारका हुने र सर्वसाधारणहरू दोहोरो मारमा परिरहेको हुनाले सारोकारवाला निकायहरूले समन्वय र सहकार्यमा कार्यक्रम गर्नका लागि सबै पक्षलाई उत्प्रेरित गरिनुपर्छ ।

संघ संस्थामा आवद्धता हुनेहरूले पनि आफू संलग्न संस्थाका गतिविधिहरू के कसरी अगाडि बढिरहेका छन् । कोषको परिचालन सही रूपमा भएको छ कि छैन, नियमित बैठक, भेला, साधारण सभा भएका छन् कि छैनन्, निर्णय अनुसार काम हुने गरेको छ कि व्यक्तिको तजबिजमा हुने गरेको छ, संस्थालाई राजनीतिक उद्देश्य परिपूर्ति गर्ने थलोको रूपमा त प्रयोग गरिएको छैन राम्रोसँग बुझेर नेतृत्वलाई झकझकाई रहनुपर्ने हुन्छ ।

नेपाली विद्यार्थीहरु लक्षित सेमिनार सम्पन्न

❑ नेस संवाददाता

टोकियो - जापानमा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई लक्षित गरी टोकियोमा हालै एक सेमिनार सम्पन्न भएको छ ।

'विद्यार्थीहरूका चुनौती र सम्भावना' विषयक सो कार्यक्रममा विभिन्न स्रोत ब्यक्तिहरूले आ-आफ्ना अनुभव तथा जानकारी प्रस्तुत गरेका थिए ।

गत सोमबार भएको सो सेमिनारमा बोल्दै डा. भूपालमान श्रेष्ठले जापानमा बस्ने बिदेशीहरूले पालना गर्नुपर्ने नीति नियमका बारेमा जानकारी दिएका थिए भने विद्यार्थीहरूका लागि जापानमा अवसर र चुनौतीका बारेमा जिज्ञानकुमार थापाले प्रकाश पारेका थिए ।

यसैगरी डा. विजय ज्ञवालीले आप्रवासीहरूको मानसिक तनाव व्यवस्थापनका बारेमा बोलेका थिए भने बिशेश्वर रेग्मीले जापानको पर्यटन क्षेत्रमा नेपाली विद्यार्थीहरूका लागि अवसरका बारेमा जानकारी गराएका थिए । यसैगरी उत्पादनमुलक औधोगिक क्षेत्रमा विदेशी विद्यार्थीलाई अवसरका बारेमा प्रकाश थापाले र जापानी भाषा स्कुल र सेन्मोन पढाई पछिको उच्च शिक्षाका बारेमा शरद राईले आफ्ना भनाई राखेका थिए । यसैगरी संगीता अधिकारीले विदेशी भूमिमा महिलाहरूले सामना गर्नुपरेका चुनौती र अवसरका बारेमा आफ्नो अनुभव तथा धारणा व्यक्त गरेकी थिईन् ।

एनआरएन जापानको कान्तो क्षेत्रीय कमिटीद्वारा आयोजित सो कार्यक्रममा भाषा विद्यार्थी तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता थियो ।

जापानमा बालबालिकाको संख्या घट्दो

❑ नेस संवाददाता

टोकियो - जापानमा ३७ वर्षदेखि लगातार बालबालिकाको संख्या घट्ने क्रम रोक्ने प्रयास असफल भएको छ । यसबाट समग्र जनसंख्यामा वृद्धहरूको संख्या अत्याधिक हुन पुगेको छ ।

१ अप्रिल २०१८ मा जापानमा १४ वर्षमुनिका बालबालिकाको संख्या १ करोड ५३ लाख पुगेको छ । यो संख्या अघिल्लो वर्षको भन्दा १ लाख ७० हजारले कम भएको बताईएको छ ।

जापानी गृह तथा सञ्चार मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार केटाकेटीमा पनि १२ देखि १४ वर्ष उमेरसमूहको संख्या सबैभन्दा धेरै हुनाले यो क्रम तत्काल रोकिने सम्भावना छैन । यसरी बालबालिकाको संख्या घट्ने क्रम सन् १९८१ देखि नै रोकिएको छैन ।

जापानको हालको जनसंख्या १२ करोड ६० लाख छ । जसमध्ये १२ दशमलव ३ प्रतिशत संख्या केटाकेटीको छ । अमेरिकामा जनसंख्याको १८ दशमलव ९, चीनमा १६ दशमलव ८ र भारतमा ३० दशमलव ८ प्रतिशत हिस्सा केटाकेटीको छ । जापानी स्वास्थ्य मन्त्रालयले सन् २०६० सम्ममा जनसंख्या ८ करोड ६५ लाखमा झर्ने जापानी समाचार माध्यमहरूले अनुमान गरेको छ ।

अध्ययनमा जोड दिन विद्यार्थीहरूलाई आग्रह

❑ नेस संवाददाता

टोकियो - नेपाल जापान विद्यार्थी समाजको दोश्रो वार्षिकोत्सव समारोहमा बोल्दै नेपाली राजदूतावासका उपनियोग प्रमुख कृष्णचन्द्र अर्यालले नेपाली विद्यार्थीहरूलाई काममा भन्दा अध्ययनमा जोड दिन आग्रह गरेका छन् ।

उपनियोग प्रमुख अर्यालले नेपालबाट अध्ययनका लागि जापान आएका नेपाली विद्यार्थीहरूले कामलाई भन्दा अध्ययनमा जोड दिनुपर्ने र जापानमा सिकेका सीप र अनुभवलाई नेपालमा उपयोग गरिनुपर्ने विचार ब्यक्त गरेका छन् ।

समाजले दोश्रो वार्षिकोत्सवको अवसरमा प्रकाशन गरेको 'विद्यार्थी डायरी-२' को समेत विमोचन गरिएको थियो । वार्षिकोत्सवका अवसरमा युवराज आचार्य, रामकृष्णबम मल्ल, सूर्य

खड्का, सोना केसी, हास्यकलाकार कुमार श्रेष्ठ 'फर्सीलाल' लगायतका कलाकारहरूले साँगीतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए ।

यसैगरी सो अवसरमा जापानमा पहिलो पटक भएको जापानी भाषामा निबन्ध लेखन प्रतियोगितामा उत्कृष्ट हुने गौरी उप्रेती, दिपक जोशी, सुनिल पौडेललाई पुरस्कृत गरिएको थियो भने विभिन्न व्यक्तित्वहरूलाई सम्मान पनि गरिएको थियो ।

टोकियोमा शान्ति पदयात्रा सम्पन्न

❑ नेस संवाददाता

टोकियो - बुद्ध नेपालमा जन्मेका हुन् भनेर चिनाउन तथा नेपाली कला, सँस्कृति र भेषभूषालाई जापानी समुदाय बिच परिचित गराई उनीहरूलाई नेपाल भ्रमणमा प्रेरित गर्न अघिल्लो आइतवार टोकियोमा शान्ति पदयात्रा सम्पन्न भएको छ ।

बुद्ध जयन्तीको अवसर पारेर एनआरएनए जापानको आयोजना तथा विभिन्न संघ संस्थाको सहकार्यमा पदयात्रा तथा शान्ति ऱ्याली कार्यक्रम सम्पन्न भएको हो ।

जापानी नागरिकमा अझै पनि बुद्धको जन्मस्थलबारे भ्रम रहेकाले त्यसलाई चिर्न, नेपालको पर्यटनमा सहयोग पुऱ्याउन र नेपालको कला सँस्कृतिको बारेमा परिचय गराउनका लागि शान्ति ऱ्यालीको आयोजना गरिएको आयोजकले जनाएको छ ।

बुद्धको जन्मस्थल बारे चिनाउनका लागि मात्र नभई नेपालको कला र सँस्कृतिका बारेमा जानकारी दिई जापानी नागरिकहरूलाई नेपाल भ्रमणको निम्ता दिनका लागि कार्यक्रम फलदायी भएको एनआरएनए जापानका प्रवक्ता पर्शुराम बस्नेतले बताउनुभयो ।

नेपाली राष्ट्रिय झण्डा र मौलिक पहिरन सहित टोकियोको सिन्जुकु च्युओ पार्कबाट ऱ्याली निकालिएको थियो ।

अभियोग लागे पनि सांसद पद निलम्बन नहुने तर काम गर्न नपाउने

❑ नेस संवाददाता

काठमाडौं - सांसदलाई फौजदारी अभियोग लागे पनि अदालतले अभियोग पुष्टि नगरेसम्म पद निलम्बन नहुने भएको छ ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिमा शनिबार जुटेको सहमति अनुसार फौजदारी अभियोग लागेका सांसदको पद अदालतले अभियोग पुष्टि नगर्दासम्म निलम्बन हुने छैन ।

लामो विवाद रहेको यो विषयमा सहमति गर्दै समितिले पद निलम्बन नभएपनि फौजदारी अभियोग लागेका सांसदले सांसदको हैसियतमा कामकारबाही गर्न नपाउने र तलबभत्ता रोक्का गर्ने मस्यौदा तयार पारिएको हो ।

सिंहदरबारमा बसेको समितिको बैठकले यो विषयमा टुंगो लगाएको समितिका सभापति कृष्णभक्त पोखरेलले जानकारी दिनुभयो ।

यो विषयमा काँग्रेस र मधेश केन्द्रित दलले निलम्बन गर्न नहुने अडान राखेका थिए भने एमालेले त्यसको विरोध गरेको थियो तर समितिको शनिबारको बैठकमा भने सवै दलका सांसद फौजदारी अभियोग लागेका सांसदको पद तत्काल निलम्बन नगर्ने भन्नेमा सहमत भएका हुन् ।

निलम्बन भन्ने शब्द नरहेपनि तलवभत्ता रोक्का गर्ने तथा सांसदका हैसियतमा काम नगर्ने भन्नु नै निलम्बन भएको समितिका सदस्यहरूको जिकिर छ ।

संविधानसभा र रूपान्तरित संसदमा फौजदारी अभियोग लाग्नासाथ पद निलम्बन हुने प्रावधान थियो ।

त्यसै अनुसार श्यामसुन्दर गुप्ता, सञ्जय साह, ल्ह्यारक्याल लामा, डोलबहादुर कार्कीको पद फौजदारी अभियोग लाग्नासाथ निलम्बनमा परेको थियो ।

अभियोग प्रमाणित भएर कैदमा बसेका सांसद भने स्वतः निलम्बित हुने व्यवस्था मस्यौदामा गरिएको छ ।

गाडी चाहिएमा सेवामा हाँजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरु कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागि गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।
नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, मःमः पकाउने भाडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।
Asia Hunter
Masaki Kobayashi Tel: 03-3641-7087
Mob: 090-9304-2626 Email : master@asiahunter.com
Asia Moving
www.asiahunter.com

निम्न समस्यामा हुनुहुन्छ भने सम्पर्क गर्नुहोस् ।
● नेपालबाट परिवार जापान बोलाउनु छ ?
● यसको प्रक्रियाको बारेमा तपाईलाई थाहा छैन ?
● अनुमति पत्र आएन, भिसा लागेन ?
स्पेशल डिस्काउण्ट
नयाँ भिषा: 64,800円 (नेपालबाट बोलाउँदा)
नवीकरण: 12,960円 (कुक तथा डिपेन्डेण्ट)
* यातायात खर्च, टिकट खर्च, हुलाक खर्च समावेश छैन ।
Administrative Scrivener
Junichiro Honda
Contact
TEL: 048-711-1996, 080-1796-7105
Sky Building 302, 2-5-26, Kamiochiai, Chuo-Ku, Saitama City, Saitama, Japan
From Kitayono Station (JR Saikyo- Line) 5 Min Walk
Facebook Page: https://www.facebook.com/pg/saitama.honda116.visa.station
Facebook QR Code

'डाटा प्राइभेसी' र 'विन्दास' जापानका नेपाली

प्रसंग १

करीव ५ करोड फेसबुक प्रयोगकर्ताको तथ्याङ्क चोरी भएको खबर गत मार्चमा 'द गार्डियन' र 'न्यूयोर्क टाइम्स' मा प्रकाशित भएपछि संसारभर तहल्का मच्चियो । त्यसो त फेसबुकले अझ बढी करीव ८ लाख ७० हजार प्रयोगकर्ताहरूको डाटा गलत प्रयोग भएको स्वीकार्यो । प्रयोगकर्ताको जानकारी विना फेसबुकबाट लिइएको उक्त तथ्याङ्कलाई क्याम्ब्रिज एनालिटिका भन्ने कम्पनीले अनाधिकृत रूपमा प्रयोग गरेको दावी गर्दै, क्याम्ब्रिज एनालिटिका'

का भूतपूर्व इञ्जिनियरले द गार्डियनलाई अन्तरवार्ता दिएर यी कुराहरू मिडियामा सार्वजनिक गरेपछि फेसबुक एकाएक विवादमा आयो । धेरैले 'डिलिट फेसबुक' भन्ने ट्रेण्ड नै चलाए ।

फेसबुकले अवलम्वन गरेको डाटा प्राइभेसी पोलिसी र लिक भएको तथ्याङ्कको विषयमा अमेरिकी सिनेटमा फेसबुकका संस्थापक तथा सिइओ मार्क जुकरवर्गले दुई दिनसम्म स्पस्टिकरण नै दिनुपर्‍यो । यही काण्डले फेसबुकको सेयर कारोवार ह्वात्तै घट्यो र करोडौंको घाटा ब्यहोर्नुपर्‍यो ।

प्रसंग २

भाषा विद्यार्थीका रूपमा जापान आएका कास्कीका श्रीराम बराल (नाम परिवर्तन) ले आफुले किन्दै नकिनेको सामान घरमा आइपुगेको र १ सय ९९ डलर तिर्नुपर्ने बिल लिएर मेरो अफिसमा आइपुगे । कुरा बुझ्दै जाँदा केही महिना पहिले विद्यार्थीबाट वर्किङ भिसा परिवर्तन भएको खुशीयालीमा जाइन्यु कार्डको फोटो फेसबुकको एउटा ग्रुपमा पोष्ट गरेको भेटियो ।

प्रसंग ३

आफ्नो भाइबर नम्बरले ४ हजार डलरको चिठ्ठा जितेको र जितेको रकम लिनका लागि एउटा इमेलमा आफ्नो

विष्णु सुवेदी 'निशान'

व्यक्तिगत विवरण खुल्ने परिचय पत्र पठाउनुपर्ने भएकाले स्क्यान गर्न र इमेल गर्न एकजना बहिनी अफिसमा आइन् । उनको खुशी त्यतिबेला रोकियो जब त्यो फसाउनका लागि गरिएको म्यासेज (स्काम) हो भन्ने बारेमा मैले उनलाई बताएँ ।

यि तिनै प्रसंग डाटा प्राइभेसीसंग सम्बन्धित छन् । व्यक्तिगत विवरण (कोउजिन ज्योहो) लाई निकै महत्व दिने देशमा रहेर पनि जापानमा भएका अधिकांश नेपालीहरूलाई आफ्नो व्यक्तिगत विवरणको सुरक्षाका विषयमा रत्तिभर ज्ञान भएको देखिँदैन । त्यही अज्ञानताका कारण दु:ख पाईरहेकाहरूको संख्या दिनानुदिन बढ्दो छ ।

चिनजान नै नभएका व्यक्तिलाई जाइन्यु कार्ड तथा पासपोर्टको फोटो खिचेर पठाउने, जो कोहीलाई मोवाइल नम्बर वा इमेल आइडी दिने, भिसा आएको खुशीयालीमा जाइन्यु कार्डको फोटो खिचेर फेसबुकमा हाल्ने, अनलाइनमा भेटिएका अनावश्यक वेवसाइटहरूमा एकाउन्ट खोल्ने र आफ्ना व्यक्तिगत विवरणहरू दिने जस्ता कार्यमा जापानमा रहेका नेपालीहरू सजग हुनुपर्ने देखिन्छ । तपाई हामीलाई सामान्य लागे पनि खराब नियत भएका व्यक्तिहरूका लागि तपाईको सानो व्यक्तिगत विवरण पनि ठूलो हतियार बनिरहेको हुन्छ तपाईका विषयमा धेरै जानकारी लिनका लागि । अझ मार्केटिङ गर्ने कम्पनीहरूले निरन्तर गरिरहने फोन, चिठ्ठा पर्‍यो भनेर आउने फोन र भाइबर तथा लाइनमा आउने यति रकमको पुरस्कार पर्‍यो भन्ने झुठा म्यासेजहरूले धेरैलाई सताईरहेको छ । यस्ता म्यासेजहरूको विश्वास गरेर ठगिएका धेरै छन् तर इज्जत जाने डरले बाहिर देखिन नचाहने हुँदा यस्ता घटनाहरू बाहिर भने आउँदैनन् ।

के गर्न सकिन्छ ?

अहिले धेरैले प्रयोग गर्ने सामाजिक सञ्जाल फेसबुककै वरिपरि रहेर कुरा गर्नुपर्दा फेसबुक लगायत हामीले प्रयोग गर्ने विभिन्न मोवाइल एप्लिकेशनहरूले के कसरी काम गर्छ भन्ने कुरा बुझ्न जरूरी छ र हामीले मोवाइलमा राख्ने एपले के-के जानकारी हामीसंग लिइरहेको छ भन्ने कुरामा सजग रहनुपर्छ । जस्तो कि एप राख्ने समयमा फोटोसंग सम्बन्धनै नभएको एपले मोवाइलको क्यामेराको 'एक्सेस' माग्न सक्छ, धेरैजसो एपले तपाईको कन्ट्याक्ट लिस्टको एक्सेस मागिरहेको हुन्छ जबकी त्यो एप्लिकेशन चल्नका लागि तपाईको फोनमा सुरक्षित भएका नम्बरसंग कुनै लेनदेन हुँदैन ।

ति सबै डाटाहरू गलत प्रयोग हुनसक्छन् र तपाई त्यो गलत कार्यमा शिकार पनि बन्न सक्नुहुन्छ । फेसबुकमा देखिने विभिन्न एपहरू जस्तै तपाईको अनुहार कुन सेलिब्रेटीसंग मिल्छ, तपाईको बिहे कहिले हुन्छ ? भन्ने किसिमका अनुमाने एपहरू चलाउँदै नचलाउनु उचित हुन्छ । यस्ता एपहरूको उद्देश्य तपाईको व्यक्तिगत विवरण लिनु हुन्छ न कि तपाईको बिहे हुने मिति दिने ।

सोसल मिडिया प्रयोगकर्ताको प्रोफाइल कपी गरेर दुरूस्त नक्कली आइडी बनाएर फलोअरका रूपमा एकमुष्ट बिक्री गर्ने प्रवृत्ति बढ्दो छ । विभिन्न मार्केटिङ एजेन्सीहरूले तपाईको व्यक्तिगत विवरण आफ्नो फाईदाका लागि प्रयोग गरिरहेका हुन सक्छन् ।

त्यस्तै अर्को सतर्कता भनेको अनलाइनमा गरिने गतिविधीहरूमा कही कतै पनि आफ्ना नितान्तै व्यक्तिगत विवरणहरू नराख्नु हो । यदि तपाई कुनै पेशा व्यवसायमा संलग्न हुनुहुन्न भने आफ्नो मोवाइल नम्बर जथाभावी नबाँड्नुहोस्, पासपोर्ट, लाइसेन्स, जाइन्यु कार्ड, क्रेडिट तथा डेविट कार्ड, एअर टिकट र आफ्नो व्यक्तिगत इमेल लगायतका डाटाहरू एकदमै सचेत भएर मात्र प्रयोग गर्नुहोस् । तपाईले दिने आफ्ना निजी विवरणहरूले तपाईको सुरक्षालाई त कमजोर बनाएकै हुन्छ, त्यही विवरणको गलत फाईदा उठाउनेहरूलाई भने बलियो बनाईरहेको हुन्छ । कप्युटर प्रयोगकर्ताहरूले पनि आफ्नो कम्प्युटरलाई सँधै अपडेट गरिरहनुपर्छ । आफ्ना डाटा सुरक्षित राख्नका लागि राम्रो एन्टिभाइरस सफ्टवेयरको प्रयोग गर्नु उपयोगी हुन्छ ।

अन्त्यमा,

डाटा प्राइभेसीको मामलामा धेरैजना सजग नभएको तितो सत्य हामीमाझ छर्लङ छ । अझ जापानमा रहेका नेपालीहरूमध्ये धेरैलाई त म विन्दास नै मान्दछु । अब यो विन्दासपन हट्दै जानुपर्छ । साइबर सुरक्षा, व्यक्तिगत विवरणको सुरक्षा र अनलाइनबाट आइपर्नसक्ने जोखिमहरूका बारेमा विभिन्न कार्यक्रम आयोजना गरिनु र जनचेतना जगाईनु आवश्यक छ । यहाँ रहेका संघसंस्थाहरूले सँधै नाचगानकै कार्यक्रमलाई मात्र प्राथमिकतामा नराखी यस्ता विषयहरूमा पनि ध्यान दिनु जरूरी छ ।

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो, सुलभ र छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।
सेवाहरू (Services) नेपाली, अंग्रेजी, हिन्दी र जापानी भाषामा कुरा गर्न सकिने ।
■ भिषा नवीकरण लाग्ने खर्च:9,800円
■ स्थायी भिषा (एईज्यु) लाग्ने खर्च:50,000円
■ भिषाको प्रकृति परिवर्तन लाग्ने खर्च:35,000円
■ कम्पनी स्थापना लाग्ने खर्च: आपसी सहमतिमा तय गरिने
■ नयाँ भिषा सम्बन्धि काम कुक:50,000円 डिपेन्डेण्ट:50,000円

Hironari Kobayashi
Immigration Lawyer
Tel: 03-6279-3353 Fax: 03-6908-5805 Mobile: 080-4186-2102
E-mail: tokyovisa409@gmail.com
Shinokubo Lions Mansion 409, 2-4-5, Hyakunincho, Shinjuku, Tokyo, Japan



Document
TRANSLATE
गर्नुपर्ने छ?
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
Nepali ↔ Japanese ↔ English ↔ Hindi
नेपाली, जापानीज, अंग्रेजी भाषामा रहेका जुनसुकै किसिमका कागजातहरु माथिका ४ भाषामा अनुवाद गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

ए हजुर कता ? बाराही हलाल फुड यता !
माछा, मासु, मसला, दाल चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत लामो समयदेखि यहाँहरुकै सेवामा समर्पित वाराही फुड्स एण्ड स्पाइस सेन्टरलाई सम्झनुहोस् ।
होम डेलिभरी (थाक्युबिन) को पनि व्यवस्था छ ।

Barahi
Foods & Spice Center
नेपाली पसल (हलाल फुड)
Tel. 090-6094-9954 (Soft Bank),
03-3363-1145, Fax. 03-5386-8797
टोकियो स्थित शिन-ओकुबो
स्टेशनबाट ३० सेकेण्ड मात्र

इन्दो बजार
माछा, मासु, मसला, दाल चालम लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत ३० वर्षदेखि यहाँहरुकै सेवामा समर्पित हलाल फुड इन्दो बजारलाई सम्झनुहोस् ।
होम डेलिभरी (थाक्युविन) को पनि व्यवस्था छ ।

Contact for More Details
INDO BAZAAR

Tel: 03-5744-7834
JR Keihin Tohoku Line, Ikegami Line, Tamagawa Line
Kamata Station (East Exit)
5-20-6 Kamata, Ota-Ku, Tokyo 144-0052

काँग्रेस उपसभापतिमा निधि मनोनित पौडेल समूहद्वारा वैठक वहिष्कार

❑ नेस संवाददाता

काठमाडौं – नेपाली काँग्रेसका सभापति शेरवहादुर देउवाले विवादकाबीच पार्टी पदाधिकारी नियुक्त गर्नुभएको छ ।

देउवाले उपसभापतिमा विमलेन्द्र निधि, महामन्त्रीमा पूर्णबहादुर खड्का र सह-महामन्त्रीमा डा. प्रकाशशरण महतलाई मनोनित गर्नुभएको हो ।

तर देउवाले एकलौटी रूपमा पदाधिकारी मनोनयन गरेको भन्दै रामचन्द्र पौडेल पक्षका नेताले केन्द्रिय कार्यसमितिको बैठक बहिष्कार गरेका छन् ।

रिक्त पदाधिकारी मनोनयन बारे छलफल गर्न पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको काँग्रेसका निर्वाचित पदाधिकारी एवं सदस्यको बैठकमा सभापति शेरबहादुर देउवाले मनोनित पदाधिकारीको नाम पेस गरे लगत्तै पौडेल पक्षले बैठक बहिष्कार गरेको हो ।

देउवाले प्रस्ताव गरेका नामलाई कार्यसमितिबाट अनुमोदन गराउनुपर्ने व्यवस्था छ । काँग्रेसको विधानको दफा २१ मा ८५ सदस्यीय केन्द्रिय समिति गठनको व्यवस्था छ ।

त्यसमध्ये एक सभापति, एक महामन्त्री र एक कोषाध्यक्षसहित ६४ जना निर्वाचित हुने र बाँकी सभापतिले मनोनयन गर्ने प्रावधान छ । विधानमा पार्टी सभापतिले एक उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्रीसहित बाँकी सदस्य मनोनयन गर्ने व्यवस्था छ ।

प्रतिनिधी सभामा चार वटा अध्यादेश प्रस्तुत

❑ नेस संवाददाता

काठमाडौं – प्रतिनिधिसभामा चारवटा अध्यादेश प्रस्तुत गरिएको छ ।

आईतबारदेखि शुरू भएको संघीय संसदको दोस्रो अधिवेशनको बैठकमा शिक्षा, राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७५ राष्ट्रियसभा सदस्य निर्वाचन अध्यादेश, २०७५, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग पहिलो संशोधन अध्यादेश, २०७५ र संघीय संसदका महासचिव, प्रतिनिधिसभाका सचिव र राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी अध्यादेश, २०७५ पेश गरिएको हो ।

बैठकमा प्रतिनिधिसभा नियमावली मस्यौदा पनि पेश गरिएको छ । समितिका सभापति कृष्णभक्त पोखरेलले 'प्रतिनिधिसभा नियमावली समितिको प्रतिवेदन, २०७५' प्रस्तुत गर्नुभएको हो ।

समितिको बैठकबाट शनिबार अनुमोदन भएको प्रतिवेदन आइतबार संसदमा पेश भएको हो । सभापति पोखरेलले राख्नुभएको नियमावली मस्यौदा समितिको म्याद थपसम्बन्धी प्रस्ताव पारित भएको छ ।

जापानको सहयोगमा सूर्यविनायक धुलिखेल सुरुङमार्ग बन्ने



❑ नेस संवाददाता

काठमाडौं – अरनिको राजमार्गको सूर्यविनायक धुलिखेल सुरुङमार्ग जापानले बनाईदिने भएको छ । सुरूङ निर्माणका लागि यही महिनामा नेपाल र जापान सरकारका बीचमा सम्झौता हुने भएको छ । वैदेशिक समन्वय महाशाखा प्रमुख सञ्जयकुमार श्रेष्ठका अनुसार यही महिना जापानी टोली ऋण सम्झौताका लागि नेपाल आउने भएका छन् । गत मार्चमा जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को टोली नेपाल आई सुरूङ मार्ग निर्माणका बारेमा एक चरणको छलफल गरिसकेका छन् । उक्त द्विपक्षीय छलफलमा ऋण सम्झौता गरेर अघि बढ्ने निर्णय भएको थियो ।

सुरूङ मार्गमा भेन्टिलेटर र बत्तीको व्यवस्था गरिनेछ । चौबीसै घण्टा उज्यालो रहने यो मार्ग अक्सिजन सुरक्षित हुनेछ । सिसी क्यामेरा र अग्नि नियन्त्रक उपकरण सडकमै राखिनेछ ।

सुरूङमार्गसहित सो स्थानको १६ किलोमिटर सडक ८ लेनमा विस्तार गरिनेछ । सुरूङमार्ग र सडक विस्तार गरी कुल २५ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ । २ वर्षअघि जापानकै सहयोगमा तीनकुने-सूर्यविनायक सडक ६ लेनमा विस्तार भएको थियो । हाल यो सडकमा दैनिक करिब ७ हजार गाडी गुड्छन् ।

अहिले सुरूङ मार्गको सम्भाव्यता अध्ययन भैसकेको छ । ऋण सम्झौता भएपछि एक बर्षमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्ने र तीन बर्षभित्रमा सडक विस्तार र सुरूङमार्ग निर्माण सक्ने लक्ष्य रहेको महाशाखाले जनाएको छ ।

विमानस्थलमा विदेशबाट ल्याइने शव बुझ्ने कक्ष सञ्चालन

❑ नेस संवाददाता

काठमाडौं – वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वैदेशिक रोजगारीमा गएका मृतकको शव बुझ्ने कक्ष सञ्चालनमा ल्याएको छ ।

नेपाल नागरिक उड्ययन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्ययन कार्यालयसित सम्झौता गरेर शव बुझ्नेसहितको सहायता कक्ष आइतबारदेखि सञ्चालन ल्याइएको बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले जानकारी दिनुभयो ।

गएको वैशाख ३ गते बसेको बोर्डको बैठकले सहायता कक्ष सञ्चालन गर्ने निर्णय गरेको थियो । तत्कालका लागि सहायता कक्षमा बोर्डले सञ्चालन गरेको सूचना कक्षका कर्मचारीले पीडित परिवारलाई सहयोग गर्नेछन् ।

सहायता कक्षमा चाँडै अन्य कर्मचारी खटाइने कार्यकारी निर्देशक काफ्लेले बताउनुभयो ।

भिसा सम्बन्धि सम्पूर्ण कामको लागि सम्झनुहोस्

छिटो, भरपर्दो र सुरक्षित

व्यस्त हुनुहुनेहरूको लागि शनिवार, आइतवार र रातो विदाको दिनमा पनि काम गर्नेछौं ।

our services
- To invite from Nepal
- Visa Renew
- Status Change
- Inernational Marriage
- Permanent Resident
- Work Permit Application
- Company Establishment
- Business Visa Processing

एकपटक असफल भएपनि पुन: नि:शुल्क प्रोसेसिङ गरिने ।

Contact:
03-6908-9508
090-6566-3558
Time: 09:00～21:00

सम्पर्क
ブルーデイジー国際法務行政書士事務所
Blue Daisy International Immigration Law Firm
法務省入国管理局申請取次者 小野 級子(Shinako Ono)行政書士
〒169-0074
東京都新宿区北新宿4-15-3
光慶ビル203 8min from okubo Station

ठाउँ एक, सुविधा अनेक

भिसा फारम
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानाडा लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।

ट्रान्सलेट
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।

आजै सम्पर्क गर्नुहोस्

मेन्यु चिरासी
रेष्टुरेण्टको मेन्यू, चिरासी, नोवोरी, टिसर्ट तथा भिजिटिङ कार्ड लगायत सम्पूर्ण डिजाइन सम्बन्धी काम गर्नु परेमा ।

भौतारिनै पर्दैन

GMT International Co. Ltd.
Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

ネパール語と日本語を学びましょう–174
(नेपाली र जापानी भाषा सिकौं)

日本語の文章 (जापानी शब्द)	日本語の発音 (जापानी उच्चारण)	ネパール語の発音 (नेपाली उच्चारण)	
皮膚科(ひふか)	हिफ़ुखा	छालारोग बिभाग	チャラログ・ビバグ
皮膚(ひふ)	हिफ़ु	छाला	チャラ
指紋(しもん)	सिमोन	औंठा छाप	アウタ・チャプ
しみ	सिमी	दाग	ダーグ
丘疹(きゅうしん)	क्युसिन	पिम्पल	ピンプル
ほくろ	होकुरो	कोठी	コティ
いぼ	इबो	मुसा	ムサ
かぶれ	खाबुरे	डावर	ダバル
汗疹(かんしん)	खान्सिन	घमौरा	ガマウラ
日焼け(ひや)	हियाके	घामले डढ्नु	ガムレ・ダドヌ
にきび	निकिबी	डण्डिफ़ोर	ダンディフォル
魚の目(うおめ)	उओनोमे	ठेला	テラ
疥癬(かいせん)	खाइसिन	लुतो	ルト
フケ症(しょう)	फ़ुकेस्यो	चायां	チャヤ
かゆい	खायुइ	चिलाउनु	チラウヌ

नियमानुसार कर तिर्न र बैंकिङ सुविधा लिन विज्ञहरुको सुझाव

□ नेस संवाददाता

टोकियो – जापानमा नेपाली ब्यवसायीहरूको संख्या बढ्दै गईरहेको परिप्रेक्ष्यमा टोकियोमा अघिल्लो आइतवार 'कर प्रणाली तथा बैंकिङ कारोवार प्रक्रिया' बिषयक सेमिनार सम्पन्न भएको छ ।

नेपाली ब्यवसायीहरूलाई लक्षित गरी बिएमटी ग्रुपले आयोजना गरेको सो सेमिनारमा जापानको कर प्रणाली र बैंकिङ कारोबारका लागि आवश्यकीय प्रक्रियाहरूका बारेमा विभिन्न विज्ञ वक्ताहरूले जानकारी गराएका थिए । बिभिन्न ब्यवसायमा संलग्न नेपालीहरूका लागि उपयोगी एवं महत्वपूर्ण बिषयमा प्रकाश पार्दै वक्ताहरूले जापानमा तिर्नुपर्ने करका प्रकार र ब्यवसायिक मुनाफामा कर लाग्ने प्रतिशतमा बैंकिङ कारोवारका लागि ध्यान दिनुपर्ने बिषय, अपनाउनुपर्ने प्रक्रिया लगायतका बिषयमा प्रष्ट पारेका थिए ।

सेमिनारमा बोल्दै अडिटर समेत रहेका फुनाबासी जेईरिसी क्योकाइका अध्यक्ष जुनिची सातोले आफ्नो ब्यवसायको लेखा ब्यवस्थापनलाई चुस्तदुरूस्त राख्न अपनाउनुपर्ने बिधि प्रक्रिया र जापानमा लाग्ने ब्यवसायिक तथा अन्य करका प्रकारका बारेमा जानकारी गराएका थिए । यसैगरी ट्याक्स एकाउन्टेन कर्पोरेशन फुरोइदेका अडिटर तेत्सुया हानेदाले जापानमा आ-आफ्ना ब्यवसायको ठिक दुरूस्त ढंगले लेखा परिक्षण अद्यावधिक गर्नुपर्ने र तिर्नुपर्ने करका बारेमा ब्यवसायीहरू अनिवार्य जानकार हुनुपर्ने बताए । उनले आ-आफ्नो कम्पनीको अद्यावधिक लेखा परिक्षण गराउन र लाग्ने कर्पोरेट कर तथा अन्य करहरू समयमै तिर्न सुझाव दिए । यसका साथै कम्पनीमा कार्यरत स्थायी कर्मचारीहरूको नियमानुसार लाग्ने नागरिक स्वास्थ्य विमा, सोसियल विमा, भवितब्य विमा, सञ्चयकोष, पेन्सन लगायतका बिषयहरूमा कम्पनी मालिक चनाखो हुनुपर्ने बताए । अन्यथा बैंक तथा वित्तिय संस्थाहरूसंगको कारोवारमा सहज नहुने उनको भनाई थियो ।

यसैगरी टोकियो शिनकिन बैंकका ब्राञ्च म्यानेजर केइची आन्दोले जापानमा कम्पनीको बैंक एकाउन्ट खोल्नेदेखि बैंकहरूसंग कारोवार गर्दा ध्यान दिनुपर्ने बिषयमा बिस्तृतमा जानकारी गराएका थिए । उनले ब्यवसायीहरूले आफ्नो कम्पनीको लेखा ब्यवस्थापन चुस्त दुरूस्त गर्न नसकेमा जापानमा नियमानुसार पाउने सेवा तथा सुविधाका अवसरबाट वञ्चित हुनुपर्ने औल्याए । ब्यवसायीहरूले राम्रो बिजनेश प्लान सहित प्रक्रिया पुऱ्याएर बैंक तथा वित्तिय संस्थाहरूमा निवेदन गरेमा लामो समयअविधका लागि सस्तो ब्याजदरका कर्जा र बिशेष परिस्थितिमा अनुदान समेत लिन सकिने सुबिधा जापानमा रहेको आन्दोले जानकारी गराए ।

एनआरएन जापान र शिनओकुबो नेपाली ब्यवसायी कमिटीको सहकार्यमा भएको सो सेमिनारमा उत्साहजनक नेपाली ब्यवसायीहरूको सहभागिता रहेको थियो ।

एन्फामा गणेश थापा युगको अन्त्य, अध्यक्षमा कर्मा छिरिङ विजयी

□ नेस संवाददाता

काठमाडौं – अखिल नेपाल फुटबल संघ एन्फाको अध्यक्षमा कर्मा छिरिङ शेर्पा विजयी हुनुभएको छ ।

शनिबार ललितपुरमा भएको चुनावबाट उहाँ प्रतिस्पर्धी मणी कुँवरलाई ५१ मतले हराउँदै अध्यक्षमा विजयी हुनुभएको हो । शेर्पाले ६३ र कुँवरले १२ मत पाएको निर्वाचन समितिले जनाएको छ ।

कर्मा समुहले अध्यक्ष सहित ४ उपाध्यक्ष र १२ जनै केन्द्रिय सदस्य जितेको छ । यो नतिजासंगै नेपाली फुटवलमा गणेश थापा युगको अन्त्य भएको छ । शेर्पा लामो समयदेखि एन्फा शुद्धिकरणको अभियान चलाइरहेका एन्फाकै पूर्व पदाधिकारी हुनुहुन्छ ।

एन्फाको उपाध्यक्षमा कर्मा समुहकै पंकजविक्रम नेम्वाङ, उपेन्द्रमान सिंह, कृष्णवहादुर थापा र वीरबहादुर खड्का विजयी भएका छन् ।

नेम्वाङले ६१, सिहंले ५८, थापाले ५२ र खडकाले ३९ मत पाएको निर्वाचन समितिले जनाएको छ । ४ जना उपाध्यक्षका लागि ९ जना चुनावी प्रतिस्पर्धामा थिए ।

यस्तै, नयाँ कार्यसमितिको सदस्यमा दावा लामा ५६, दिनेश ब्यन्जनकार ५५, दीर्घबहादुर केसी ५५, पूर्णमान चित्रकार ५५, बिजय घले ५३, निरोज खड्की ५२, किरण राइ ५०, मधुसूदन उपाध्याय ४८, प्रदेशसिंह राठोर ४८, रत्नकुमार श्रेष्ठ ४८, रबिन्द्रनाथ श्रेष्ठ ४२ विजयी भएका छज् । ११ जनाको लागी २९ जना उम्मेदवार थिए । महिला सदस्यमा यसअघि नै पेम्बा लामा निर्बिरोध निर्वाचित हुनुभएको थियो ।

मोदीको राजकीय भ्रमणमा अरूण तेस्रोको शिलान्यास हुने

□ नेस संवाददाता

काठमाडौं – प्रधानमन्त्री केपी शर्मा ओलीको निमन्त्रणामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको दुईदिने राजकीय भ्रमणमा यही वैशाख २८ गते आउनुहुने भएको छ ।

प्रधानमन्त्री मोदीलाई त्यसैदिन स्थानीय टुँडिखेलमा विशेष समारोहमा स्वागत गरिनेछ । भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुनसँग बेग्लाबेग्लै शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

त्यसैदिन प्रधानमन्त्री ओलीले आफ्ना भारतीय समकक्षीसँग औपचारिक वार्ता गर्दै पारस्परिक हितका विविध विषयमा विचार आदान प्रदान गर्नुहुनेछ ।

साथै दुवै प्रधानमन्त्रीले संयुक्त रूपमा अरूण तेस्रो जलविद्युत् आयोजनाको शिलान्यास गर्नुहुनेछ । भारतका प्रधानमन्त्री मोदीसँग परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले शिष्टाचार भेट गर्नुहुनेछ ।

नेपालमा रहँदा प्रधानमन्त्री मोदीले जनकपुर र मुक्तिनाथको भ्रमण गर्नुहुनेछ । साथै काठमाडौं महानगरपालिकाले काठमाडौंमा र जनकपुर उपमहानगरपालिकाले जनकपुरमा उहाँको नागरिक अभिनन्दन गर्नेछन् ।

प्रधानमन्त्री मोदीको यो तेस्रो नेपाल भ्रमण हो । सन् २०१४ मा उहाँ दुई पटक नेपालको भ्रमणमा आउनुभएको थियो ।

यातायात सिण्डिकेट अन्त्य, प्रतिस्पर्धामा जान व्यवसायी तयार



□ नेस डेस्क

काठमाडौं – यातायातका क्षेत्रमा रहँदै आएको सिन्डिकेट हटाएर प्रतिष्पर्धामा जान व्यवसायी तयार भएका छन् ।

सरकार र यातायात व्यवसायीका प्रतिनिधिबीच आइतबार अबेरसम्म भएको छलफलमा सिन्डिकेट हटाउने सहमति भएको हो ।

यातायात व्यवसायीहरू आन्दोलन फिर्ता गर्न र कम्पनीमा जान सहमत भएका हुन् । सरकारले यातायात समिति र संघलाई कम्पनीमा दर्ता हुन भनेपनि यसको विपक्षमा रहेका यातायात व्यवसायी आन्दोलनमा उत्रिएका थिए ।

व्यवसायीको आन्दोलनविरूद्ध सरकार आक्रामक रूपमा प्रस्तुत भयो । आन्दोलनमा उत्रिएका व्यवसायीलाई पक्राउ गर्दै सरकार रूट परमिट खारेज गर्ने प्रक्रियामा लागेपछि सिन्डिकेट पक्षधरका व्यवसायीहरू गलेका हुन् ।

देशभर पक्राउ परेका सिन्डिकेट पक्षधरका व्यवसायी रिहा भैसकेका छन् । आफ्ना गाडीलाई कम्पनी अन्तर्गत दर्ता गरी सञ्चालन गर्ने र सिन्डिकेट नगर्ने कागजमा हस्ताक्षर गरेपछि उनीहरू रिहा भएका हुन् ।

एकातिर सरकार यातायातको सिण्डिकोट तोडेरै छाड्ने अनि व्यवसायीहरू पनि सिण्डिकोट खारेज गर्न नदिने आ-आफ्नै अडानमा थिए । जसले गर्दा धेरै भन्दा धेरै सर्वसाधारणहरू मर्कामा परेका थिए । सरकारको लिएको कदमको यातायात व्यवसायीहरूले गाडी ग्यारेजमा थन्क्याएर विरोध गरेका थिए । अन्ततः सरकार अझ आक्रमकरूपमा सिण्डिकोट खारेज गरेरै छाड्ने अडानबाट पछि नहटेपछि व्यवसायीहरू सहमतिमा आएका हुन् ।

कान्तिपुर मार्ट

यहाँहरुको भान्सादेखि रेष्टुरेण्टसम्मका दैनिक अत्यावश्यकीय उपभोग्य सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ । होम डेलिभरी (थाक्युविन) को पनि व्यवस्था छ । अवश्य सम्झनुहोला । साथै टेपिकल स्वादिष्ट नेपाली खानाका लागि भेटघाट रेष्टुरेन्ट सेवामा प्रतिक्षारत छ ।

Contact for More Details

KANTIPUR MART

Tel: 03-5338-4066, 03-5338-4067

JR Yamanote Line, Shin-Okubo Station (Only 2 Min. Walk)
1-11-31 Hyakunincho, Shinkuku-ku, Tokyo 169-0073
Business Hour: Daily 10:00～24:00

आशा एशियन फुड

यहाँहरुलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामाग्रीहरु सुपथ मुल्यमा पाईन्छ । होम डेलिभरीको (थाक्युबिन) को पनि व्यवस्था छ, सेवामा हाजिर छौं ।

Contact for More Details

ASHA ASIAN FOOD

Tel: 03-6205-5474/080-6616-4040

JR Yamanote Line, Shin-Okubo Station (Only 3 Min. Walk)
1-4-19 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00～25:00

यस्तो हुनुपर्छ, अबको बजेट

देश संघीय संरचनामा गईसकेपछि पहिलो पटक आउने बजेट कस्तो हुनुपर्ला ?

अब आउने बजेट एकदमै चुनौतीले भरिएको हुनेछ । किन भन्दा यो पटकको बजेट हिजोको भन्दा फरक हुनुपर्छ । स्थानीय, प्रदेश र केन्द्र गरी तीन तह केन्द्रित बजेट ल्याउनुपर्ने छ । हामी संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छौं । आगामी बजेट अघिल्ला बजेटभन्दा पृथक हुनुपर्छ । राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता दिँदै प्राथमिकता प्राप्त क्षेत्रलाई हेरेर बजेट निर्माण साथै स्थानीयको क्षमता विकासलाई ध्यान दिँदै तल्लो तहको अधिकार कार्यान्वयन गर्ने खालको बजेट ल्याउनुपर्छ । खर्चको वृद्धिदरलाई वाञ्छित सीमाभित्र राख्न सरकारलाई एकदमै चुनौती हुनेछ । अहिले भर्खरका विकास क्रमबाट चुनौती किन पनि थपियो भने, हाम्रो अर्थतन्त्रको मूल आधार कृषिपछिको विप्रेषण नै हो । लगभग दुईतिहाइ मान्छे कृषिमा आबद्ध छन् । त्यसैले कृषि क्षेत्र र जनताले महशुस गर्ने गरी जनता अनुकुल बजेट ल्याउनुपर्छ । अर्कोतर्फ बजेटको सन्तुलित बाँडफाँड गरी कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटनलगायतलाई ध्यानमा राखेर बजेट ल्याउनुपर्ने आवश्यकता राम्रो सामु छ ।

मुख्य गरी बजेटको प्राथमिकता के हुनुपर्ला ?

बजेटको प्राथमिकतामा राष्ट्रिय गौरवका आयोजना, पूर्वाधार विकास, यातायात विद्युत, कृषिको आधुनिकिकरण, शिक्षा-स्वास्थ्य, पर्यटन विकास लगायत पर्नुपर्छ । पूर्वाधारको कुरा गर्दा ठूला आयोजनालाई सबै बसेर प्राथमिकीकरण गरेर अतिरिक्त बजेटको व्यवस्था गर्नुपर्छ । नयाँ आयोजना खडा गर्नेभन्दा चालू आयोजनालाई नै सम्पन्न गर्नेमा ध्यान केन्द्रित गर्नुपर्छ । नयाँ सरकार आएपछि बजेटमा नयाँ कुराहरू त हुन्छ नै र नयाँ सरकारबाट जनताको धेरै आशा पनि छ । समृद्धि

र विकासका कुराहरू स्थानीय तहमा पुऱ्याउनु पर्नेछ । यस्तो अवस्थामा अब प्राथमिकताको कुरा गर्दा सडक र बिजुली सबै चाहिने कुरा नै हुन् । कृषिलाई पनि चाहियो, उद्योगलाई त झन् चाहियो । बिजुली र सडकको अभावमा बैंक र वित्तीय कम्पनी सञ्चालन हुन सक्दैन । यी दुईटा कुरा भइसकेपछि हाम्रो प्राथमिकता भनेको कृषि हुनुपर्छ । भूमि नाफा खाने, पैसा कमाउनेजस्ता कामका लागि प्रयोग भइरहेको छ । त्यसैले, अब कृषिलाई प्राथमिकता दिनका लागि युवालाई आकर्षित गर्न सक्ने योजना आउनुपर्छ ।

स्थानीय, प्रदेश र संघ यी तीनवटै तहमा बजेट र त्यसको स्रोतको बाँडफाँड कसरी गर्नुपर्ला ?

बजेटको बाँडफाँडलाई त संविधानले नै सम्बोधन गरेकै छ । संविधानको अनुसूची ५ ले संघको, ६ ले प्रदेशको, ७ ले संघ र प्रदेशबीचको बजेट बोलेको छ । यसैगरी अनुसूची ८ मा स्थानीय तहको बजेट व्यवस्थापनबारे उल्लेख छ । प्रदेश र स्थानीय तहले सशर्त, विशेष, समपूरक र समानीकरण गरी चार शीर्षकमा अनुदान समेत पाउनेछन् । सबै तहलाई बराबर बजेट बाँड्नुपर्दैन । यसको सुन्तलनका लागि कम विकसित अवस्थामा रहेका क्षेत्रलाई बजेटमा प्राथमिकता दिनुपर्छ । तर, यसो गर्दा आफै काम गर्न चाहनेहरूलाई प्रोत्साहित गर्न सक्नुपर्छ । राम्रो गर्नेलाई बोनसको व्यवस्था पनि हुनुपर्छ । राजस्व संकलनको क्षेत्र र अवस्थालाई पनि हेरिनुपर्ने हुन्छ । उनीहरूले राजस्व परिचालन गर्ने परिकल्पना नै गर्न सकेका छैनन् । अर्कातिर कर्मचारी पनि पुगिरहेका छैनन् । ऐन नियमको पूर्णरूपमा तर्जुमा हुन पनि बाँकी देखिन्छ ।

प्राकृतिक स्रोत बाँडफाँडको कुरा पनि छ, वित्त आयोग बनाउने भनेको छ । यो सम्भव छ, तपाई के देख्नुहुन्छ ?

जेठ १५ भित्र संघीय बजेट, गाउँपालिकाको बजेट आउनुपर्छ भनेर संविधानले नै भनेको छ । त्यसअघि वित्त आयोग पूर्ण हुने सम्भावना देखिएको छैन । सरकारले वित्त आयोग बनाईहाल्यो भने पनि नयाँ मान्छेले खासै केही गर्न पनि सक्दैनन् । आगामी आर्थिक वर्षको बजेटका लागि वित्त आयोग आए पनि प्रभावकारी हुन सक्दैन । सिँचाइ, शिक्षा, प्रसार यस्ता थुप्रै कुरा स्थानीय तहलाई दिने भनिएको छ । अर्थ मन्त्रालयको ढड्डामा पहिलेदेखि पर्दै आएको आयोजनामा केन्द्र सरकारले बजेट दिनुपऱ्यो । अहिले पहाडी राजमार्गको कुरा छ, हुलाकी राजमार्गको कुरा छ, यो उत्तर दक्षिण करिडोरको कुरा आइरहेको छ । अर्कातिर रानी जमरा सिँचाइ योजनालगायतका सिँचाइ योजना केन्द्रमार्फत नै गर्नुपऱ्यो । त्यस्तै, बबई सिँचाइ आयोजना केन्द्रको मातहत छ । यस्तालाई केन्द्रमार्फत नै बनाउन लगाएर साना आयोजनालाई स्थानीय तहले बनाउँदा मिल्दोजुल्दो हुनुपऱ्यो । यसोगर्दा स्रोतमा बिचलन हुन पाउँदैन । अब संघीयतालाई कसरी सफल बनाउने भन्ने विषयमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ ।

संघीयतामा धेरै खर्च हुन्छ, त्यसलाई धान्न मुस्किल हुन्छ भन्ने पनि सुनिन्छ । स्रोतको व्यवस्थापन चाँहि कसरी गर्न सकिन्छ ?

अर्थ मन्त्रालयले दातृ निकायलाई बोलाएर संघीयताको आधारभूत रूपमा कार्यान्वयन गर्न तीन वर्षको अवधिमा ११ खर्ब आवश्यक पर्ने प्रस्ताव राखेको थियो । तीन वर्षमा ११ खर्ब भनेको एक वर्षमा साढे ३ खर्बभन्दा बढी हुन्छ । अब यसबीचमा संघीयताका लागि चाहिने भौतिक संरचनाको व्यवस्थापनमा लाग्नुपर्छ । जिल्ला अस्पताल, स्वास्थ्य चौकी, विद्यालय, कृषि कार्यालय, पशु सेवा विभाग कुनलाई अगाडि व्यवस्थापन गर्ने ? राजस्व उठाएर, आन्तरिक ऋण उठाएर वा जनपरिचालन गरेर, जे जसरी हुन्छ आफ्नै स्रोत र लगानीमा विकासका कार्यक्रम सञ्चालन गरिनुपर्छ । तसर्थ यी विषयलाई दिगोरूपमा सम्बोधन गर्न कुशल अल्पकालीन र दीर्घकालीन अन्तर सरकारी वित्त व्यवस्थापन र रणनीतिक कार्ययोजना चाहिन्छ । प्रदेश र स्थानीय तहको संस्थागत क्षमता र खर्च गर्ने क्षमता बढोत्तरी गर्नमा विशेष प्रयास गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

अब आउने बजेटको आकार कत्रो हुनु आवश्यक छ ?

२०६३ मा विस्तृत शान्तिसम्झौता भएदेखि नै हाम्रो पुँजीगत खर्च खिइँदै खिइँदै गएको देखिन्छ । विनियोजन गरिएका पूँजीगत खर्च जति सबै असारमा आएर मात्रै खर्च हुने सँस्कार बनेको छ । पुँजी निर्माण लगानीको तुलनामा गर्न सकेको देखिँदैन । अहिले बजेटको आकार मुलुकले धान्न सक्ने हुनुपर्छ । आवश्यकता, राजस्व उठाउन सक्ने र खर्च गर्नसक्ने क्षमता, आन्तरिक तथा वाह्य स्रोत सबैको तालमेल मिल्नेगरी बजेटको आकार तय गर्नुपर्नेछ । त्यही हिसाबले अबको बजेट १४ खर्बभन्दा माथि उक्लिनु उपयुक्त हुँदैन ।

अन्त्यमा, सरकारले श्वेतपत्र सार्वजनिक गर्दै मुलुकको आर्थिक अवस्था निकै कमजोर रहेको देखाएको थियो । तपाईंको नजरमा आर्थिक अवस्था कस्तो देख्नुभएको छ ?

मुलुकको आर्थिक अवस्थामा सुधार आउन सकेको छैन तर पनि आर्थिक अवस्था निकै कमजोर भने होइन । स्रोत र साधनको सन्तुलिन उपभोग हुन सकेन भने चुहावट पनि रोकिएन यसले गर्दा आर्थिक अवस्था कमजोर बनेको हो । तराईमा बाढी आयो, त्यसले धानबाली आदि इत्यादिलाई धेरै क्षति पुऱ्यायो । अर्को धेरै जमिन बाँझो राखिएको छ । त्यसले गर्दा कृषिको उत्पादन समग्रमा राम्रो देखिएन । तर, अर्को वर्षको सन्दर्भमा केही आशावादी हुन सकिन्छ । थुप्रै चुनौतीहरू भए पनि राजनीतिक अस्थिरताको अन्त्यले विकासका लागि अवसर दिएको सरकारले बताएको छ । नेपालमा प्राकृतिक स्रोतको प्रचुरता, दुई छिमेकी मुलुक भारत र चीनको समृद्धि र त्यसबाट लिन सकिने लाभ, मुलुकभित्रै विकास हुँदै गएको दक्ष र शिक्षित जनशक्ति र त्यसलाई उपयोग गर्न सकिने भएकाले पनि केही आशावादी हुन सकिन्छ ।

मध्यपूर्वको द्वन्द्व उत्कर्षमा: विश्व दौडाहामा मोदी

❑ नेस संवाददाता

काठमाडौं - राजनैतिक बिश्लेषक अरूणकुमार सुबेदीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आसन्न नेपाल भ्रमणलाई



नियमित, सामान्य, तिर्थाटन वा पर्यटन भन्न नसकिने टिप्पणी गरेका छन् । उक्त भ्रमणलाई केपी ओलीको जबाफी भ्रमणकारूपमा पनि मान्न नसकिने भन्दै सुबेदीले अहिले अन्तर्राष्ट्रिय राजनीति असाध्यै संवेदनशील र पेचिलो बन्दै गएको बताएका छन् । मध्यपूर्वको द्वन्द्व उत्कर्षमा पुग्दै गएको सन्दर्भमा विश्वका शक्तिराष्ट्रहरू ध्रुबीकरण भईरहेको बेला विश्व दौडाहामा निस्केका भारतीय प्रधानमन्त्री मोदी नेपाल आउन लागेको उनले बताए । नेपाल आउनु अघि मोदी युरोप र चीन पुगेको प्रसंग कोट्याउँदै सुबेदीले विश्वका शक्तिराष्ट्रहरूबीचको खिचातानीमा भारतको आफ्नै खालको भूराजराजनीति र रणनैतिक महत्व रहेका उनले बताए ।

यस्तो बेला छिमेकी राष्ट्रहरूको भ्रमण केवल नियमित भेटघाट र सद्भाव आदानप्रदानका रूपमा मात्र हेरिन नसकिने सुबेदीले बताए । मध्यपूर्वको द्वन्द्वलाई लिएर अमेरिका सहित पश्चिमा राष्ट्रहरू एकातिर र रूस, चीन जस्ता शक्तिराष्ट्रहरू अर्कोतिर उभिएको बेला अमेरिका, रूस र पछिल्लो समयमा चीनसंग पनि असल मित्रता कायम गर्दै आएको भारतले आफ्नो राष्ट्रको हितअनुरूप अडान लिनुपर्ने बेला आएकोले मोदी विश्व भ्रमणमा निस्केको हुन सक्ने सुबेदीको बिश्लेषण छ । सोही क्रममा नेपालको भ्रमण पनि जोडिएको हुन सक्ने उनको दावी छ ।

महाशक्ति राष्ट्रहरू भित्रभित्रै युद्धको तैयारी गरिरहेको बेला आफैमा ठूलो जनसंख्या र ठूलो सैन्यशक्ति भएको भारत कुन कित्तामा उभिँदा देशको हित हुन सक्छ भन्ने बिषयमा निर्क्यौल गर्न पनि मोदी छिमेकीहरूको मनशाय बुझ्न निस्केको हुनसक्ने सुबेदीको आंकलन छ ।

सामुदायिक भवन निर्माण गर्न अमेरिकामा सप्ताह

❑ नेस संवाददाता

क्यालिफोर्निया - अमेरिकाको कोलोराडो राज्यमा नेपाली साझा सामुदायिक भवन निर्माणका लागि आर्थिक संकलन गर्ने उद्देश्यले वैशाख १५ देखि २२ गतेसम्म भएको सप्ताहमा करीब छ करोड संकलन भएको छ ।

नेपाली सामुदायिक भवनका कोषाध्यक्ष जगदीश ढकालले दिएको जानकारीअनुसार सप्ताहबाट पाँच लाख ८१ हजार १ सय ७१ डलर सहयोग संकलन भएको थियो ।

सप्ताह वाचन प्रवीण गुरू दीनबन्धु पोखरेलले गरेका थिए । अमेरिकाको विभिन्न भागमा आफ्नो सामुदायिक भवन निर्माण कार्यको अग्रसरता बढेसँगै कोलोराडो निवासी नेपालीले समेत सप्ताहको आयोजना गरी रकम संकलन गरी भवन निर्माणको कार्यको शुरूवात गरेका छन् ।

जापानमा पनि बेला बेलामा यस्ता कुराहरूको चर्चा धेरै पहिलेदेखि चल्दै आएको भएपनि अहिलेसम्म मुर्तरूप लिन सकेको छैन ।

यी हुन् एक करोड तलव खाने महिला

❑ नेस संवाददाता

काठमाडौं - बिहारकी मधुमिता कुमारलाई विश्वको सबैभन्दा ठूलो सर्च कम्पनीका रूपमा चर्चित गुगलले एक करोड आठ लाख रूपैयाँ वार्षिक प्याकेज दिने गरी जागिर दिएको छ ।

सोमबार मधुमिताले गुगलको टेक्निकल सोल्युशन इन्जिनियरका रूपमा नयाँ काम सुरू गरेकी छन् । गुगलमा

काम सुरू गर्नु अगाडि उनी बैङ्लोरमा एपीजी कम्पनीमा काम गर्थिन् । उनका बुवाका अनुसार केही दिन अगाडि उनलाई अमेजन, माइक्रोसफ्ट र मर्सिडीज जस्ता कम्पनीबाट पनि अफर आएका थिए ।

बिबिसीका अनुसार कुनै बेला यस्तो पनि समय थियो, जतिबेला मधुमिताका बुवा उनलाई इन्जिनियरिङ पढाउन तयार थिएनन् ।

आफ्नो परिवारबाट विदेश जाने उनी पहिलो व्यक्ति भएकी छन् । उनी यही वर्ष फेब्रुअरीमा पहिलो पटक अमेरिका गएकी थिइन् । मधुमिताको पहिलो विदेश भ्रमणलाई सम्झँदै उनका बुवा सुरेन्द्र भन्छन्, 'अन्य परिवारमा जस्तै हाम्रो परिवारमा पनि विदेश जानु ठूलो उपलब्धी थियो । मेरी छोरी विदेश गएपनि सबैलाई के लाग्यो भने हाम्रो ठाउँबाट कोही त विदेश घुमेर आयो ।'

यत्रो सफलता हासिल गर्न मधुमिताको मेहनत र लगनसँगै जुन व्यक्तिको महत्वपूर्ण भूमिका थियो, उनी हुन भारतका पूर्व राष्ट्रपति र चर्चित वैज्ञानिक एपीजे अब्दुल कलाम थिए ।

पार्टी एकताको लगन ...

एकता ढिलाई हुनेमा प्रमुख तीन कारण रहेको राजनीतिक विश्लेषक गेजा शर्मा वाग्लेको भनाई छ ।

विश्लेषकले नेताहरूको व्यवस्थापनमै समस्या रहेको दाबी गरेता पनि प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमालले भने त्यस्तो कुनै समस्या नरहेको बताउनुहुन्छ । कम्युनिष्ट स्थापना दिवसका अवसरमा एकताको सन्देश दिन भन्दै एकैठाउमा संयुक्त कार्यक्रम गरेका एमाले माओवादीले शनिवार २२ गते भने छुट्टाछुट्टै कार्यक्रम गरेका छन् । यसले एकतामा विलम्ब हुने संकेत गरेको छ । तर, दुवै पार्टीले एकताको सम्पूर्ण आधार तयार भएको दावी गरेका छन् ।

प्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष प्रचण्डबीच सांगठानिक संरचना मिलाउन केन्द्रिय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीको संख्या बढाउने सहमति यसअघि नै भइसकेको छ ।

माओवादीमा रहेका दोस्रो तहका नेताहरूलाई स्थायी कमिटीमा पार्नका लागि केन्द्रीय कमिटीको संख्या बढाएर ३ सय ५० सदस्यीय वा सो भन्दा बढी बनाउने तयारी छ । ओली र दाहालबीच स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटी, प्रदेश र जिल्ला कमिटीसम्मको अनुपातबारे सहमति भइसकेको छ । तर पनि यी कुराका बारेमा नेताहरूले खुलेर कुरा गर्न चाहिरहेका छैनन् ।

जापानी भायोलिन गर्लको नेपाली संगीत प्रेम

❑ ऋतुकुमार दुरा

टोकियो – नेपालीहरूसँग त्यति घुलमिल पनि थिएन, नेपाली भाषाको ज्ञान हुने त कुरै भएन । कहिलेकाहीं नेपाली खाना खान नेपाली रेष्टुरेण्टमा जानु नयाँ कुरा भएन । तर नेपाली रेष्टुरेण्टमा खाना खान गएकै कारण आफ्नो भाईलिनको कला देखाउने अवसर पाइन आकिको कुमेले ।

४ वर्षको उमेरदेखि नै भायोलिन बजाउन शुरू गरेकी उनले पहिलो पटक सुनेर एकै पटकमा नेपाली राष्ट्रिय गान र राजामतिको धुन बजाएर सबैलाई लठ्ठ पारिन । उनले टोकियोमा भएको नेवाः फुड फेस्टिवलमा पहिलो पटक आफ्नो कला देखाएकी हुन् । उक्त दिन राजमति धून बजाएर उपस्थिति सबैको मन जितेकी थिइन् । त्यसो त उनले उक्त दिनको प्रश्तुतिपछि उपस्थितहरूको हौसला पाएर आगामी दिनमा जापानमा रहेका नेपालीहरूसँगको विविध कार्यक्रममा सहभागिता जनाउने प्रण पनि गरिन । नेपाली भाषा बोल्न, लेख्न र पढ्न समेत सिक्न चाहेको बताउँदै उनले नेपाली गीतसंगीतलाई भायोलिनमा उतारेर अभ्यास गर्ने इच्छा अझ बढेको बताईन । सानै उमेरदेखि भायोलिन बजाउन शुरू गरेकी आकिकोले जीवनको एक पाटोको रूपमा यसलाई लिएकी छिन् । संगीतले राष्ट्रियता, जातजाति अनि विविध संस्कृति र भेषभूषामा सरोकार नगरी सबैलाई एकै ठाउँमा समेटेर गोलबन्ध गर्ने काम गर्दछ । सबै स्रोताहरूलाई एकैठाउँमा एकिकृत हुन प्रेरित गर्दछ । हरेक मानिसको जीवन जीउनको लागि सहजता ल्याउँदछ ।

भायोलिन बजाउने आफ्नो पेशा नै नभएपनि यसलाई निरन्तरता दिने बताईन । नेपाली गीतको धून बजाउन पहिलो पटक स्टेजमा उत्रिंदा पोशाक पनि नेपाली नै लगाएकी थिइन । चिटिक्क परेर साडी पहिरिएका आकिकोले स्टेजमा भायोलिन बजाउँदा सम्पूर्ण नेपालीहरूको मन छोएको थियो । उनको प्रस्तुति देखेपछि धेरै नेपालीहरूले उनको प्रशंसा गरे जसले गर्दा उनलाई अझ हौसला थपिएको छ । आगामी दिनमा नेपाली भाषा सिकेर अझ नेपाली गीतसंगीतलाई भायोलिनमा उतारेर नजिकबाट बुझ्ने र अभ्यास गरेर सबैलाई सुनाउने उनको धोको छ ।

पूर्खाको नासो 'यानीमाया'

पहिलोचोटी बजारमा

❑ नेस संवाददाता

टोकियो – गायिका तिर्सना घर्ती मगर र गायक कुमार पुनले परम्परागत

लोकभाकामा आधारित 'यानीमाया'को म्युजिक भिडियो सार्बजनिक गरेका छन् ।

धेरैजसो नेपाली लोकभाकाहरूका उद्गम स्थल मानिने म्याग्दी र बागलुङ जिल्लाका दुरदराजहरूमा घन्किदैं आएको तर करिव लोपोन्मुख स्थितिमा पुगेको 'यानीमाया' लोकभाका पहिलोचोटी संग्रहित गर्दै उनीहरूले बजारमा ल्याएका हुन् ।

मेला, पर्व, जात्रामात्रा, शुभ अशुभ कार्यमा गाउँभरिका पाका महिला–पुरूषहरू जम्मा भएर लामो भाकामा लय हालेर गाइने यानीमाया तन्नेरी पुस्तामा खासै हस्तान्तरण हुन नसकिरहेको अवस्थामा गायिका तिर्सना र गायक कुमारको आवाजमा युट्युव मार्फत हालै बजारमा आएको हो ।

एक पटक पहिलो लाइन र अर्को पटक दोस्रो लाइन भनेर दोहोरी गाईने यानीमाया भाका ठाउँ र परिवेश अनुसार केही भिन्नता पाईए पनि सारमा करिव उस्तै हुने जानकारहरू बताउँछन् ।

रस बस्दै गएपछि सात दिन सात रातसम्म लगातार यानीमाया भाकामा दोहोरी गाउने पुराना पुस्ताका बुढापाकाहरू अझै यदाकदा भेटिए पनि तन्नेरी पुस्ताले यसको बिंडो नथाम्ने हुन कि भन्ने चिन्ता बढिरहेकै बेला पुरानो भाका यानीमायाले बजार पाएको छ ।

करिव २२ मिनेटमा कैद गरिएको 'यानीमाया' मा स्थानीय लवज, गाउँबस्ती, परिवेश र जनजीवनको मौलिक चित्रण गरेको पाईन्छ ।

स्वयम गायिका तिर्सना घर्ति मगरको लय तथा शब्दमा तयार भएको यानीमायामा पछिल्ला समयका उम्दा गायक कुमार पुनले साथ दिएका हुन् । गायक कुमारका 'हैन अरूको...', 'लाछा डोरी ऊनको......', 'बामरी.....' पछि हालै मात्र 'माकुरी.....' गीतले बजारमा चर्चा पाईरहेको बेला अर्को सिर्जना यानीमाया लिएर कुमारले साँगीतिक सक्रियतालाई निरन्तरता दिएका छन् । एकपछि अर्को जनजिब्रोमा झुण्डिने खालका सरल र लोकलयमा आधारित टिपिकल भाकामा स्वर भर्दै आएका गायक कुमार देश बिदेशमा थप लोकप्रिय मात्रै बनेका छैनन् उनको ब्यस्तता पनि उत्तिकै बढ्दो छ ।

यसैगरी गायिका तिर्सनाको आँखा लोभी मन पापी कौडा, तीजका गीत र दर्जन जति दोहोरी गीतका म्युजिक भिडियो बजारमा आईसकेका छन् ।

गोविन्द पुन मगरको निर्देशनमा तयार पारिएको यानीमाया दानबहादुर श्रीषमगरले सम्पादन तथा छायाङ्कन गरेका हुन् । बागलुङ बुर्तिबाङ बोङ्गादोभानकी तिर्सना र म्याग्दी देविस्थानका कुमारले यानीमाया सँस्कृतिलाई संरक्षण गर्ने नयाँ पुस्तामा आएको जिम्मेवारीलाई थोरै भए पनि पुरा गर्न पाएकोमा खुशी ब्यक्त गरे । रिलिज भएको अत्यन्त कम समयमै यानीमाया सुनेर मन पराई देशविदेशका दर्शक स्रोताहरूबाट सकारात्मक प्रतिक्रिया आईरहेको गायिका तिर्सनाले नेपाली समाचारलाई बताईन् ।

'पुस्तौपुस्तादेखि अग्रजहरूले जोगाउँदै ल्याएको साँकृतिक धरोहर मानिने यानीमाया हाम्रो पुस्तामा आएर लोप भएर जाने खतरा बढिरहेको बेला यो हाम्रो पहिलो प्रयास हो, यो मात्रै पर्याप्त छैन' – गायक कुमारले थपे ।

नितान्त मौलिक र परम्परागत सँस्कृतिलाई पछ्याउने प्रयासका रूपमा बजारमा आएको यस यानीमायाले धेरै भन्दा धेरै दर्शक स्रोताको मन जित्न सक्ने अपेक्षा गरिएको बताईएको छ ।